# निषेधका पर्खालहरू

आहा ! किन तोड्यौ निषेधका यी पर्खालहरू ?
आह ! किन चाख्यौ वर्जनाका यी फलहरू ?
आह ! किन खोल्यौ प्रतिबन्धका यी घेराहरू ???
पापिष्ठ नागराजको आव्हानमा

मनुष्यको जन्मजात शत्रु
नागराजको उक्साहटमा
थाम्न नसकेर मनको प्रलोभन
एउटा तुच्छ मनोवैज्ञानिक कमजोरी
मोह र आकर्षण ।

अन्धकार स्थापित छ आयतनमा जिन्दगीको
छामेर, स्पर्श गरेर
बुद्धि कहीँ देखिन्न, भेटिन्न
विस्थापित भएको छ उज्यालो
सत्‌गुण परिवेशबाट
खाली उफ् र आहको चीत्कार
देशको पीडा
घाउ र पीपका नदीहरू
योनिको निर्लज्ज बेचबिखन
समय एकचोटि फेरि अचेत भएर पल्टेको छ
युगको किल्ला
मृत्युको आक्रामक पन्जाले आहत भएर ।

भोल्गाको सतहमा उठिरहेछ छाल ताण्डवनृत्यका
जिन्दगी रङ्ग भएर जम्दैन
तरङ्ग भएर पस्दैन
मृत्युको क्रूर अट्टहाश पिटर्सवर्गको छातीमा
ओकलिरहेछ लावा घृणाको
हिंसाको
अस्मासुर भएर
अधिकारबाट वञ्चित, जीवनको अधिकारबाट
फेरि दासत्वमा घचेटिन, फर्कन
बाध्य यी मान्छेहरू,
शोषणको पराकाष्ठा ।

लेनिनको सालिकसितको यो विद्रोह !
लेनिनको शवसितको यो विद्रोह ! !
लेनिनको समाधिसितको यो विद्रोह ! ! !
फूलमालाहरू जथाभावी किचिमिची भएर
छरिएका छन्,
आशङ्का, विभ्रम र विभाजन
मृत्युको चिसो भएर पसेको छ
जिन्दगीको मुखमा,
तोपको दन्दनाएको आवाज नृशंस भएर ।

मुक्तिका द्वारहरू एकाएक अवरुद्ध छन्
संविधान आहत छ र अर्थहीन
बलात् कुल्चिएर
अन्तर्राष्ट्रियताको धूनहरू वाल्जमा

सगबगाउँदै बज्थे
एकाएक बन्द हुन्छन्,
हृदयको रोगी
मानसिकताको रोगी झैँ

आँधीको पितरेल चराको अमर गुञ्जन
ख्वै, कता हराए, बिलाए ?
उत्पीडनका नन्दी, भृङ्गी र पिशाचहरू मात्र
फेरि आत्मा-आत्मामा पसेर

शिरमाथि टेक्दै उभिएर
उपद्रवको नाच नाच्न थालेका छन्
हो ! उपद्रवको नाच नाच्न थालेका छन् ।
आह ! किन तोड्यौ निषेधका यी पर्खालहरू ?

६ ६ ६